नेपाली राजदूतावास
ओटावा, क्यानडा
Embassy of Nepal
Ottawa, Canada

**An appeal and update by the Embassy of Nepal in Ottawa**
**29 August 2026**

Nepal was struck by severe flash floods on 26 August 2026, resulting in loss of life, widespread displacement and extensive damage to homes, roads, bridges, hydropower facilities and other critical infrastructures.


Nepal's security and disaster-management agencies, local authorities and health services have been fully mobilized for search and rescue, evacuation, emergency medical assistance and relief operations. Authorities are also closely monitoring river systems and downstream flood risks.

So far, 675 bodies have recovered. Many Nepalis and foreign nationals are still missing. According to the latest available information, 2498 people have been reported missing that includes 589 foreign nationals among which 25 are Canadian. These figures remain subject to verification as search and rescue operations continue.

In view of the extensive damage caused by the floods, the Government of Nepal continues to assess the situation and emerging needs on the ground and, where necessary, communicate specific requirements for assistance through established official channels. The scale of destruction is unprecedented and the need for relief, reconstruction and rehabilitation ahead stands enormous.

Therefore, the Government of Nepal has appealed to all within the country and outside to contribute donations to the Government of Nepal Prime Minister's Disaster Relief Fund. All interested Nepalis, diaspora members as well as our friends and well-wishers all over the world, both individuals and organizations, may wish to contribute to the Fund directly. Every cent contributed will be accounted for and utilized to the relief and rehabilitation of the affected people and rebuilding of the damaged infrastructures.

The Embassy therefore appeals to all members of our diaspora, friends and well-wishers of Nepal to extend financial donation directly to the Fund created by the Government of Nepal. Donation may be made through this portal: **https://pmdrf.nchl.com.np/**.



The system is easy to use and seamlessly accepts international/domestic cards (Visa/Master Card) and Nepal-based mobile banking or digital wallets. Please verify the authenticity of the bank account 'Government of Nepal Prime Minister's Disaster Relief Fund' and details before making contribution.

Contributions may also be made through bank transfers to the following accounts via SWIFT code:

| S.N. | Bank's Name | Account Number | Account Currency | SWIFT |
|---|---|---|---|---|
| 1. | Rastriya Banijya Bank | 1130100003762001<br>1130100000006006 | NPR | RBBANPKA |
| 2. | Nepal Bank Limited | 00211600510039000003<br>00200100510039000001 | NPR | NEBLNPKA |
| 3. | Agriculture Development Bank Limited | 0100201002907014 | NPR | ADBLNPKA |
| 4. | Everest Bank Limited | 00100105200270<br>00101102200012 | NPR | EVBLNPKA |
| 5. | Global IME Bank | 00401010000057<br>00411010000005 | NPR | GLBBNPKA |
| 6. | Nabil Bank | 1710017505285 | NPR | NARBNPKA |
| 7. | Standard Chartered | 01013243801<br>02013243801 | NPR | SCBLNPKA |
| 8. | Himalayan Bank Ltd | 01905631210046 | USD | HIMANPKA |
| 9. | Himalayan Bank Ltd | 12005631210039 | NPR | HIMANPKA |
| 10. | Laxmi Sunrise Bank Ltd. | 1628885410110925 | NPR | LXBLNPKA |

For further information and enquiries, please contact the Embassy of Nepal, Ottawa at +1 613 680 5513 or nepalembassy@rogers.com.

**Embassy of Nepal**
**Ottawa, Canada**

नेपाली राजदूतावास
ओटावा, क्यानडा
Embassy of Nepal
Ottawa, Canada

**नेपाली राजदूतावास, ओटावाको अनुरोध**

**<u>२९ अगस्त २०२६</u>**

गत २६ अगस्त २०२६ मा नेपालको भोटेकोशी-त्रिशूली नदी बेसिनमा आएको विनाशकारी बाढीका कारण ठूलो जनधनको क्षति भएको छ। यस विपद्‌बाट ठूलो सङ्ख्यामा विदेशी पर्यटक, तीर्थयात्री, कर्मचारी, सुरक्षाकर्मी, विकास आयोजनामा कार्यरत कर्मचारी र कामदारको ज्यान गएको, धेरैजना विस्थापित भएको, सयौं हराइरहेको तथा घर, सडक, पुल, जलविद्युत् आयोजना र अन्य अत्यावश्यक पूर्वाधारमा व्यापक क्षति पुगेको छ।


खोज तथा उद्धार, प्रभावित व्यक्तिहरूको सुरक्षित स्थानमा स्थानान्तरण, आकस्मिक स्वास्थ्य सेवा तथा राहत वितरणका लागि नेपाल सरकारका सुरक्षा निकाय, विपद् व्यवस्थापनसम्बन्धी निकाय, स्थानीय प्रशासन, निजीक्षेत्र, नागरिकसमाज तथा स्वास्थ्य सेवाहरू लगायत सबै संयन्त्र पूर्ण रूपमा परिचालित भएका छन्। सम्बन्धित निकायहरूले नदी प्रणाली तथा तल्लो तटीय क्षेत्रमा उत्पन्न हुन सक्ने थप बाढीको जोखिमसमेत निरन्तर अनुगमन गरिरहेका छन्।

हालसम्म ६७५ जनाको शव फेला परेको छ। ठूलो सङ्ख्यामा नेपाली तथा विदेशी नागरिकहरू अझै हराइरहेका छन्। पछिल्लो उपलब्ध जानकारीअनुसार ५८९ जना विदेशी नागरिकसहित कुल २,४९८ जना व्यक्ति सम्पर्क बाहिर रहेको विवरण प्राप्त भएको छ, जसमध्ये २५ जना क्यानडाली नागरिक रहेका छन्। खोज तथा उद्धार कार्य निरन्तर जारी रहेकाले यी तथ्याङ्कहरू परिवर्तन र अद्यावधिक हुन सक्छन्।

बाढीबाट भएको क्षतिको व्यापकतालाई दृष्टिगत गर्दै नेपाल सरकारले प्रभावित क्षेत्रको अवस्था तथा आवश्यकताहरूको निरन्तर मूल्याङ्कन गरिरहेको छ। आवश्यकताअनुसार राहत, उद्धार, पुनःस्थापना तथा पुनर्निर्माणका लागि आवश्यक सहयोगका क्षेत्रहरू पहिचान गरि आधिकारिक माध्यममार्फत जानकारी गराइनेछ। यस विपद्‌बाट भएको विनाश अकल्पनिय रहेको छ र प्रभावित जनसमुदायको राहत तथा पुनःस्थापना र क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माणका लागि आगामी दिनमा ठूलो स्रोत, साधन र सहयोगको आवश्यकता रहने निश्चित छ।

यस सन्दर्भमा नेपाल सरकारले देशभित्र तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली नागरिक, गैरआवासीय नेपाली तथा नेपालका मित्र एवं शुभेच्छुकहरूलाई नेपाल सरकारद्वारा स्थापित प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा स्वेच्छिक आर्थिक सहयोग गर्न हार्दिक अपिल गरेको छ। यसै क्रममा विश्वभर रहनुभएका नेपाली समुदाय, गैरआवासीय नेपाली, नेपालका मित्र, शुभेच्छुक व्यक्ति एवं संस्थाहरूलाई उक्त कोषमा आर्थिक सहयोग प्रदान गरी सहयोग गरिदिन नेपाली राजदूतावास, ओटावा, क्यानडा सबैमा हार्दिक अनुरोध गर्दछ।

सहयोग रकम निम्न अनलाइन पोर्टलमार्फत मोबाइल फोन वा कम्प्युटर मार्फत सिधैं पठाउन सकिनेछः https://pmdrf.nchl.com.np/



उक्त प्रणाली प्रयोग गर्न सहज रहेको छ र यसमार्फत अन्तर्राष्ट्रिय तथा स्वदेशी भिसा तथा मास्टरकार्ड, नेपालमा सञ्चालित मोबाइल बैंकिङ सेवा तथा डिजिटल वालेटमार्फत सहयोग रकम पठाउन सकिने व्यवस्था रहेको छ। सहयोग पठाउनु अघि कृपया 'Government of Nepal Prime Minister's Disaster Relief Fund' नामको आधिकारिक कोष तथा सम्बन्धित बैंक खाता यकिन गर्नुहुन अनुरोध गरिन्छ।

सहयोग रकम निम्न बैंक खाताहरूमा SWIFT Code मार्फत बैंक ट्रान्सफर गरी पनि पठाउन सकिनेछः

| S.N. | Bank's Name | Account Number | Account Currency | SWIFT |
|---|---|---|---|---|
| 1. | Rastriya Banijya Bank | 1130100003762001<br>1130100000006006 | NPR | RBBANPKA |
| 2. | Nepal Bank Limited | 00211600510039000003<br>00200100510039000001 | NPR | NEBLNPKA |
| 3. | Agriculture Development Bank Limited | 0100201002907014 | NPR | ADBLNPKA |
| 4. | Everest Bank Limited | 00100105200270<br>00101102200012 | NPR | EVBLNPKA |
| 5. | Global IME Bank | 00401010000057<br>00411010000005 | NPR | GLBBNPKA |
| 6. | Nabil Bank | 1710017505285 | NPR | NARBNPKA |
| 7. | Standard Chartered | 01013243801<br>02013243801 | NPR | SCBLNPKA |
| 8. | Himalayan Bank Ltd | 01905631210046 | USD | HIMANPKA |
| 9. | Himalayan Bank Ltd | 12005631210039 | NPR | HIMANPKA |
| 10. | Laxmi Sunrise Bank Ltd. | 1628885410110925 | NPR | LXBLNPKA |

प्राप्त हुने प्रत्येक सहयोग रकमको यथोचित हिसाबकिताब राखी प्रभावित जनसमुदायको राहत, उद्धार तथा पुनःस्थापना र क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माणमा उपयोग गरिनेछ।

थप जानकारी तथा जिज्ञासाका लागि नेपाली राजदूतावास, ओटावाको फोन तथा इमेल मार्फत सम्पर्क गर्न सकिनेछः

फोनः +१ ६१३ ६८० ५५१३ इमेलः nepalembassy@rogers.com

**नेपाली राजदूतावास**
**ओटावा, क्यानडा**